टेवाको विगत १८ बर्षको अनुभवको अध्ययनको आधारमा टेवाले ५वर्षे रणनिति तयार गरेको छाजस अनुरुप टेवा अनुदान कार्यक्रमलाई पनि परिमार्जन गरेको छ। यस अनुसार टेवा अनुदान कार्यक्रमले महिलाको मुद्धालाई अगाडि बदाउने कृयाकलाप साथै संस्थागत विकास र दिगोपनामा प्रभावकारी उपलब्धि हासिल गर्न जोड दिनेछ। यसको लागि महिलाको आर्थिक, सामाजिक, राजनैतिक अधिकार सुनिश्चित गर्न सिमान्तकृत तथा पछाडि पारिएका महिलाको विकासलाई प्राथमिकता दिनेछ।

### टेवाको ५ वर्षे रणनिति

१. महिलाको अधिकारको वारेमा जनचेतना बृद्धि र अधिकार अभ्यास गर्ने क्षमतामा अभिबृद्धि

२. सबै तहमा महिलाको प्रतिनिधित्व र अर्थपुर्ण सहभागिता

३. महिलाको आर्थिक सशक्तिकरणमा वृद्धि

### टेवाले कसलाई अनुदान दिन्छ?

- नेपाल सरकारका सम्बन्धित निकायमा दर्ता भई सकेका महिला गैर सरकारी संस्थाहरु/महिला सहकारी संस्था
- संस्थाको कार्यकारिणी समितिमा र कार्यकम संचालनमा महिलाको नेतृत्व रहेको हुनुपर्नेछ र कार्यकारिणी समितिमा महिलाको वाहुल्यता ( ९०%) रहेको
- नेपाल राज्य भित्र कार्यरत रहेको कुनैपनि महिला संस्था
- कार्यक्रमको लक्षित समुह महिला विशेष गरि सिमान्तकृत र पछाडि पारिएका वर्गको महिलालाई ग्राह्यता दिइनेछ
- पारदर्शिता, जवाफदेहिता, शुशासन तथा सहभागिता मुलक निर्णय प्रकृया अपनाएको संस्थाहरुले प्राथमिकता पाउने
- आफ्नो विधानको दायरा भित्र रहेर कार्यरत रहेको संस्था हुनु पर्नेछ ।
- महिला अधिकारकर्मी(व्यक्तिगत वा संस्थागत)हुन सक्नेछ।
- नारीवादी चिन्तनको विकासको लागि कार्यरत संस्था हुनुपर्ने।

### टेवाले कसलाई अनुदान दिँदैन ?

- व्यक्तिगत रुपमा कसैलाई पनि सहयोग गर्दैन (अतिरिक्त अनुदान अन्तर्गत महिला अधिकारकर्मी वाहेक)।
- महिलाको मुद्धामा काम नगर्ने संस्था
- पुरुष नेतृत्व भएको संस्था
- राजनैतिक वा धार्मिक दलबाट प्रभावित भएको संस्था
- निजी संस्था

### अनुदानको प्रकार

**१)आधार अनुदान**

यस अनुदानको मुख्य उद्देश्य महिला आन्दोलनमा सहयोग पुऱ्याउन समुदायमा कार्यरत महिला संस्थाहरुको विकास र दिगोपन हो। यस अन्तर्गत विशेष गरी यसै उद्देश्यलाई ध्यानमा राखि तयार पारिएको प्रस्तावना, टेवा रणनिति भित्र पर्ने र सिमान्तकृत/ पछाडि पारिएका वर्गको महिलालाई लक्षित गरिएको कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ।

१.१) संस्थागत विकास र दिगोपनको लागि अनुदान

- संस्थाको लागि बीउ पुँजी - यो अनुदानले भर्खरै स्थापना भएको(६ महिना देखि १वर्ष सम्म) संस्थालाई सहयोग पुऱ्याउनेछ
- संस्थाको योजना बनाउनको लागि
- कार्यालय व्यबस्थापन/ प्रशासनीक खर्च
- विभिन्न सम्बन्धित र संस्थालाई अगाडि सार्ने कार्यक्रमहरु

यो अनुदान टेवावाट अनुदान प्राप्त गरिसकेका संस्थाहरुलाई पनि उल्लेखनीय कार्य प्रदर्शनको आधारमा पुन अनुदान दिईनेछ।

माथि उल्लेखित कार्यहरु मध्ये कुनै एक अथवा एक भन्दा बदि कार्यहरु एकै साथ प्रस्तावनामा समावेश गरी बुझाउन सकिनेछ। यस अनुदान अन्तर्गत प्रस्तावित परियोजनाको वजेट नंया संस्थाको लागि बढीमा **रु ७५हजार** सम्मको हुनु पर्नेछ भने पुराना संस्थाको लागि बढीमा रु **१ लाख ५० हजार** सम्मको हुनु पर्नेछ।

**१.२ महिलावादी आन्दोलन र महिला मानव अधिकार सुरक्षाकर्मीको लागी**

- महिला आन्दोलनलाई अगाडि बढाउन गरिने कार्यक्रम, अभियान तथा वकालतको लागि
- महिला मानव अधिकार संरक्षणको लागि कार्यरत व्यक्तिहरु -महिला अधिकारकर्मी )/हिंसामा परेका/ पारिएका महिलाहरु

यस अनुदान अन्तर्गत विषय, परिस्थिति र परिवेश हेरी आवस्यकता अनुसार सहयोग दिन सकिनेछ।

**२)सम्मान अनुदान**

यस अनुदानको लागि नयाँ संस्था साथै अनुदान प्राप्त संस्थाले पनि आवेदन दिन सक्नेछन्। यस अन्तर्गत एक पटक संचालन गरिने कार्यक्रमहरुको लागि अनुदान दिईनेछ। जस्तै

- महिला मानव अधिकार संरक्षणको लागि गरिने कार्यक्रमहरु
- सबै तहमा महिलाको जनकारी युक्त सहभागिता र प्रतिनिधित्वको लागि गरिने कार्यक्रमहरु
- महिला मुद्दाको लागि गरिने पैरवी, वकालत
- जनचेतनामुलक तालिम
- क्षमता अभिबृद्धि कार्यक्रम
    - जिविकोपार्जन कार्यक्रम
    - शीपमुलक कार्यक्रम
    - शान्ति प्रकृयाको लागि कार्यक्रम(हिंसा न्यूनीकरणको लागि कार्यक्रम)
    - LBT अधिकारको लागि गरिने कार्यक्रम
    - शिक्षा(विषेश परिस्थितिमा महिला/वालिकाको लागि)
    - नारीवादी धारणा र विचार प्रबर्धनका शिक्षाको लागि
    - शिक्षा(महिला/वालिका)

यस अनुदानको लागि नयाँ संस्था साथै अनुदान प्राप्त संस्थाले पनि आवेदन दिन सक्नेछन्। टेवाले दीर्धकालीन महिला आन्दोलनमा सकारात्मक असर पुग्ने कार्यक्रमलाई विषेश प्राथमिक दिनेछ। यसको साथै महिलावादी श्रोत संकलन/ परिचालन कोष प्रबर्धन (feminist philanthropy)] गर्न प्रोत्साहन गर्नेछ।

यस अनुदान अन्तर्गत प्रस्तावित परियोजनाको प्रकार हेरी औसतमा **रु पचास हजार** सम्म दिन सकिनेछ।

**३)सुरक्षा अनुदान**

यस अन्तर्गत टेवा कार्यकारीणि समितिको निर्णय अनुरुप विभिन्न खालका कार्यक्रमहरुको लागि अनुदान दिइनेछ। जस्तै

- आपतकालिन अवस्थामा गरिने कार्यक्रमहरु

- महिलाआन्दोलनको लागि अत्यन्तै जरुरी परियोजनाहरु, जुन परियोजनाहरुलाई टेवाको अन्य अनुदानको दायरा  भित्र पार्न कठिन हुन्छ ।

यस अनुदान अन्तर्गत विषय, परिस्थिति र परिवेश हेरी बढीमा **१ लाख** रुपैंया सम्म दिन सकिनेछ ।

## अनुदान प्रदान गरिने समयबारे जानकारी

### ❖ आधार अनुदान

१. संस्थागत सहयोगको लागि दिईने अनुदान बर्षको दुई चक्रमा दिने गरिन्छ ।

पहिलो चक्र :प्रस्तावना आईपुग्नु पर्ने अन्तिम मिति कार्तिक १५ गते
प्रस्तावन स्वीकृत गरिने मिति मंसिर मसान्त भित्र
अनुदान रकम प्रदान गरिने मिति प्रस्तावना स्वीकृत भएको १५ दिन भित्र

दोस्रो चक्र : प्रस्तावना आईपुग्नु पर्ने अन्तिम मिति वैसाख १५ गते
प्रस्तावना स्वीकृत गरिने मिति जेठ मसान्त भित्र
अनुदान रकम प्रदान गरिने मिति प्रस्तावना स्वीकृत भएको १५ दिन भित्र

२. महिलावादी आन्दोलन र महिला मानव अधिकार सुरक्षाकर्मीको लागी को लाथि दिईने अनुदान परिस्थिति अनुरुप ३ देखि ५ दिन (कार्यलय खुल्ने दिन)भित्र स्वीकृत गर्न सकिनेछ ।

❖ **सम्मान अनुदान प्रस्ताबनाको प्रकार हेरी प्रस्तावना प्राप्त भएको २ महिना भित्र स्वीकृत गर्न सकिने छ ।**

### ❖ सुरक्षा अनुदान

१. आपतकालिन अवस्थामा गरिने सहयोगको लागी परिस्थिति अनुरुप ३ देखि ५ दिन (कार्यलय खुल्ने दिन)भित्र स्वीकृत गर्न सकिनेछ ।

२.अन्य प्रस्तावना विषय र परिस्थिति अनुरुप स्वीकृत गर्न सकिनेछ ।

## आवेदन दिने बिधि

- टेवा अनुदान समितिको नाममा ईच्छुक संस्थाले आफनो उद्देश्य र कार्यविवरण खुलाई टेवाको परियोजना प्रस्तावना फारम भरेर आवेदन दिनुपर्नेछ ।

- परियोजना प्रस्तावना फारमको लागि हाम्रो कार्यालयमा सम्पर्क गर्नसक्नु हुनेछ अथवा हाम्रो वेभसाईटवाट पनि प्राप्त गर्नसक्नु हुनेछ ।

- परियोजना प्रस्तावना फारमको साथमा सम्पूर्ण आवस्यक कागजातहरु संलग्न गरी बुझाउनु पर्नेछ । आवस्यक कागजातहरुको सुची प्रस्तावना फारममा उल्लेख गरिएकोछ ।

- प्रस्तावना अध्ययन विश्लेषणको क्रममा टेवाले संस्था/प्रस्तावना सम्बन्धि सोधपुछ र थप जानकारी माग गर्न सक्नेछ । यसको लागि संस्था तत्पर रहनु पर्नेछ ।

  - प्राप्त भएका आवेदनहरुको अध्यन गरि टेवाले छनौट प्रकृयाको क्रममा स्थलगत सर्वेक्षण तथा निरिक्षण पनि गर्न सक्नेछ । त्यसको लागि संस्थाले निरिक्षण टोलीलाई उचित वातावरण प्रदान गर्नु पर्नेछ । सो निरिक्षण टोलीको प्रतिवेदन अन्तिम छनौटको लागि सहायक हुनेछ ।

  - प्रस्तावना पठाउने संस्थाको छनौट गर्दा टेवाको नेटवर्कमा रहेका अन्य संस्थाहरुसंग पनि सल्लाह र सुझाभ लिई निर्णय गरिनेछ

  - प्रस्तावित परियोजनालाई अनुदान दिने नदिने अन्तिम निर्णय टेवाको कार्यकारिणी समितिले गर्नेछ ।

**नोट :**

- **एउटा संस्थाले एक आर्थिक वर्षमा एक पटक मात्र प्रस्तावना पेश गर्न सक्नेछ ।**

- **अनुदान प्राप्त संस्थाले अनिवार्य रुपमा संस्थाको प्रगति विवरण र आर्थिक विवरण टेवामा पेश गर्नु पर्नेछ ।**

अन्य जानकारीको निम्ति  तलको ठेगानामा सम्पर्क गर्नु होला

**टेवा Tewa**

पोष्ट बक्स न :११ धापाखेल, ललितपुर, नेपाल
टेलिफोन न : ०१-५५७२६५९ / ५५७२२३५ / ५५७२६५४
फयाक्स नं : ९७७-१-५५७२६५९
इमेल : info@tewa.org.np
: grantmaking@tewa.org.np
वेभ साईट : www.tewa.org.np

# समता न्याय र शान्तिका लागि सत्कार्य

टेवा Tewa

# टेवा अनुदान सम्बन्धि “चिनारी”